सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार लमजुङ
गण्डकी प्रदेश, नेपाल

# उप प्रमुख जेहेन्दार छात्रा छात्रवृत्ति वितरण सम्बन्धी संक्षिप्त कार्यविधि, २०८०

**प्रस्तावना**

नगरपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत जेहेन्दार छात्राहरुलाई आफ्नो अध्ययन प्रति अझ बढी प्रोत्साहित गर्ने उद्देश्यले स्थापित **उप प्रमुख जेहेन्दार छात्रा छात्रवृत्ति** कार्यक्रम अन्तर्गत छात्रवृत्ति वितरण कार्यलाई निष्पक्ष, विवादरहित र पारदर्शी बनाउन सुन्दरबजार नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०१/३१ गतेको बैठकले यो **उप प्रमुख जेहेन्दार छात्रा छात्रवृत्ति वितरण सम्बन्धी संक्षिप्त कार्यविधि,** २०८० तयार गरी जारी गरेको छ।

## परिच्छेद एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार**

(१) यस कार्यविधिको नाम **उप प्रमुख जेहेन्दार छात्रा छात्रवृत्ति वितरण सम्बन्धी संक्षिप्त कार्यविधि,** २०८० रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

(३) यो कार्यविधि सुन्दरबजार नगरपालिका भित्र लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "छात्रवृत्ति" भन्नाले यसै कार्यविधि बमोजिम वितरण गरिने उप प्रमुख जेहेन्दार छात्रवृत्ति सम्झनु पर्दछ।

(२) "कार्यविधि" भन्नाले उप प्रमुख जेहेन्दार छात्रा छात्रवृत्ति वितरण सम्बन्धी संक्षिप्त कार्यविधि, २०८०, सम्झनु पर्दछ।

(३) "नगरपालिका" भन्नाले सुन्दरबजार नगरपालिका सम्झनु पर्दछ।

(४) "लाभग्राही छात्रा" भन्नाले कार्यविधि बमोजिम छनौट भई कक्षा ९ वा १० मा अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने छात्रा सम्झनु पर्दछ।

(५) "समिति" भन्नाले कार्यविधिको दफा ४. बमोजिम गठित छात्रवृत्ति छनौट समिति सम्झनु पर्दछ।

(६) "शाखा" भन्नाले सुन्दरबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

(७) "विद्यालय" भन्नाले सुन्दरबजार नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्दछ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

## परिच्छेद दुई

## छात्रवृत्ति वितरण सम्बन्धी व्यवस्था

**३. लाभग्राही छात्रा छनौट गर्ने आधारहरु**

(१) सामुदायिक विद्यालयबाट कक्षा ८ उत्तीर्ण गरी हाल सामुदायिक विद्यालयमा कक्षा ९ वा १० मा अध्ययनरत छात्रा यो छात्रवृत्तिका लागि छनौट हुन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति प्राप्त गर्नका लागि विद्यार्थीले कम्तीमा कक्षा १ देखि नै सामुदायिक विद्यालयमा अध्ययन गरेको हुनुपर्छ ।

(३) प्रत्येक वर्ष कक्षा ९ मा पढ्ने ५ जना र कक्षा १० मा पढ्ने ५ जना छात्राहरु छनौट हुनेछन् ।

(४) छात्रावृत्ति प्राप्त गर्ने विद्यार्थी छनौट गर्दा कक्षा ८ को परीक्षामा प्राप्त अङ्क प्रमुख आधार हुनेछ ।

**४. छात्रवृत्ति छनौट समिति सम्बन्धी व्यवस्था**

(१) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौटका लागि उप प्रमुखको संयोजकत्वमा शिक्षा शाखाका प्रमुख र प्रशासन शाखाका प्रमुख रहेको तीन सदस्यीय छात्रवृत्ति छनौट समिति रहनेछ ।

(२) समितिको बैठक तथा काम कारबाही सम्बन्धी कार्यविधि समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**५. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौट सम्बन्धी प्रक्रिया**

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौटका लागि समितिले देहाय बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ ।

(१) शाखाले बैशाख महिना भित्र नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कक्षा ९ मा अध्ययन गर्ने छात्राहरु मध्ये उपदफा २. बमोजिमको योग्यता पुगी कक्षा ८ मा उच्चतम अङ्क प्राप्त गरेका पाँच जना छात्राहरुको नाम सिफारिश गर्न लगाउने,

(२) शाखाले विद्यालयबाट प्राप्त सिफारिश बमोजिमका विद्यार्थीहरु मध्ये उच्चतम अङ्क प्राप्त गरेका पाँच जना छात्राहरुको नाम जेठ १० गते सम्म समिति समक्ष सिफारिश गर्ने,

(३) शाखाबाट सिफारिश गरिएको विद्यार्थीहरुको विवरण यकिन गरी समितिले जेठ १५ भित्रसम्म छात्रवृत्तिका लागि छनौट गर्ने,

(४) कक्षा ९ मा छनौट भएका विद्यार्थीहरुलाई कक्षा १० मा समेत छात्रवृत्ति वितरणका लागि निरन्तरता दिने गरी समितिले निर्णय गर्ने,

(५) शैक्षिक सत्र २०८० को हकमा कक्षा १० मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौट गर्दा कक्षा ९ मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौटको प्रक्रिया अपनाउने,

(६) कक्षा ९ मा छनौट भई कक्षा १० मा समेत छात्रवृत्तिका लागि निरन्तरता दिने विद्यार्थीले कुनै कारणबश पढाइ छोडेमा वा अन्य स्थानीय तहमा अध्ययन गर्न गएमा वा नगरपालिका भित्रकै अन्य

कृष्ण प्रसाद कोइराला

कुनै संस्थागत विद्यालयमा अध्ययन गरेमा निजलाई छात्रवृत्ति पाउने विद्यार्थीको सूचीबाट हटाइनेछ। र निजको ठाउँमा उपदफा (५) बमोजिमको प्रक्रिया अपनाई अर्को विद्यार्थी छनौट गरिनेछ।

**६. छात्रवृत्ति रकम निकासा सम्बन्धी व्यवस्था**

(१) छात्रवृत्तिको रकम वार्षिक दस हजार रुपैयाँ हुनेछ। र यो रकम एकै किस्तामा उपलब्ध गराइनेछ।

(२) विद्यालयमा अध्ययन गरिरहेको छात्रालाई सम्बन्धित विद्यालयको सिफारिश लिई असार मसान्त भित्रमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई प्रदान गरिनेछ।

(३) उपदफा (२) बमोजिम रकम निकासा दिंदा एसी पेयी चेक उप प्रमुखबाट सम्बन्धित विद्यार्थीलाई हस्तान्तरण गरिनेछ।

## परिच्छेद तीन
## विविध

**७. कार्यपालिकाले तोके बमोजिम हुने**

(१) छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था गर्न पर्ने भएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

**८. संसोधन र खारेजी**

(१) यस कार्यविधिमा लेखिएका कुनै विषयमा संसोधन वा खारेजी गर्न परेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख
2080/1/31